# सन्धिखर्क नगरपालिका
# प्रथम नगर सभा

# नीति तथा कार्यक्रम

## आ.व.(२०७४/०७५)

| |
|---|
| स्वीकृत **मितिः २०७४/०५/३१** |

**सन्धिखर्क नगरपालिका,अर्घाखाँची**

# सन्धिखर्क नगरपालिकाको प्रथम नगर सभामा नगर प्रमुख श्री कमल प्रसाद भुसालद्वारा प्रस्तुत आर्थिक बर्ष २०७४/०७५ को नीति तथा कार्यक्रम

सन्धिखर्क नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

सन्धिखर्क, अर्घाखाँची

५ नं. प्रदेश

www.sandhikharkamun.gov.np

**यस प्रथम नगर सभाका**

**आदरणीय सभासद्ज्यूहरू,**

नेपाली जनताको प्रतिनिधि संस्था संविधानसभाबाट संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको नयाँ संविधान घोषणा भएपश्चात स्थानीय तहको २०७४ असार १४ गते सम्पन्न भएको दोस्रो चरणको निर्वाचनमा सन्धिखर्क नगरपालिका वासी आदरणीय आमा बुबा, दाजु भाई तथा दिदि बहिनीहरुले हामीलाई विश्वास गरी निर्वाचित गराउनु भएकोमा धन्यवाद ज्ञापन गर्दै सबैप्रति आभार तथा कृतज्ञता प्रकट गर्दछु । नयाँ संविधान कार्यान्वयनको क्रममा भएको निर्वाचन प्रक्रियाद्वारा निर्वाचित भई राष्ट्रिय स्वाधीनता र स्वाभिमान, लोकतन्त्र, दीगो शान्ति, सुशासन साथै यस क्षेत्रको विकास र समृद्धिका लागि पहिलो पटक सन्धिखर्क नगरपालिकाको नीति तथा कार्यक्रम र वजेट गरिमामय यस नगरपालिकाको प्रथम नगर सभा समक्ष प्रस्तुत गर्न पाउँदा गौरवको अनुभूति गरेको छु ।

राष्ट्रियता, स्वाधीनता, संघिय लोकतान्त्रिक गणतन्त्र र जनजीविकाको सवालमा भएका आन्दोलनका विभिन्न कालखण्डमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञातअज्ञात शहीदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै, यसक्रममा घाइते तथा अपांग हुनुभएका सम्पूर्ण योद्धाहरु प्रति हार्दिक सम्मान ब्यक्त गर्न चाहन्छु । राष्ट्रिय स्वाधीनता र स्वाभिमान, लोकतन्त्र, संघियता, जनजीविका, सुशासन, विकास र समृद्धि प्राप्तिको आन्दोलन र क्रान्तिको नेतृत्व गर्ने राजनीतिक दलका अग्रजहरू, नागरिक समाज, मानवअधिकारकर्मी, सञ्चार जगत लगायत सम्पूर्णमा उच्च सम्मान र प्रशंसा गर्दै हार्दिक बधाई तथा धन्यवाद व्यक्त गर्दछु ।

नेपाली जनताले २०६२/६३ मा गरेको ऐतिहासिक संयुक्त जनआन्दोलनले नेपालको राजनीतिक ईतिहासमा महत्वपूर्ण परिवर्तन गरेको छ । संघिय लोकतान्त्रिक गणतन्त्रात्मक नयाँ संविधान निर्माण भए पश्चात स्थानीय तहको निर्वाचन भएसँगै हामी नयाँ युगमा प्रवेश गरेका छौं । निर्वाचनमार्फत राजनीतिक अधिकारहरूलाई संस्थागत गर्न सफल भएका छौं । निर्वाचनले सम्पूर्ण नेपालीहरूलाई सार्वभौमसत्ता सम्पन्न तुल्याएको छ । सबै प्रकारका विभेद र असमानतालाई अन्त गरेको छ । सबैलाई समान अधिकार, समान अवसर र समान मर्यादा प्रदान गरेको छ । अब हामी स्थानीय सरकारले परिकल्पना गरेअनुरुप सामाजिक न्याय, सुशासन र सम्पन्नताको लक्ष्यमा पुग्न आर्थिक बिकासका गतिबिधि तर्फ केन्द्रित हुनुपर्ने चरणमा प्रवेश गरेका छौं । हाम्रो संघर्ष सामाजिक न्याय सहितको समृद्धि आर्जन गर्न, गरिबी र पछौटेपन विरुद्ध केन्द्रित हुन जरुरी छ । मैले नीति तथा कार्यक्रम तर्जुमा गरिरहँदा यिनै मान्यताहरूबाट निर्देशित भएको छु ।

मैले यस आर्थिक वर्षको नीति तथा कार्यक्रम तयार गरिरहँदा स्वच्छ, हराभरा, विकसित र समतामूलक, समृद्ध सन्धिखर्कको भावी तस्विरलाई सामुन्नेमा राखेको छु । संविधान कार्यान्वयन अन्तर्गत

स्थानीय सरकारको आधारशीला तयार गर्दै उपलब्ध स्रोत र साधनको अधिकतम उपयोग गरी विकासको प्रतिफल सबै सन्धिखर्कवासीले समतामूलक तवरले प्राप्त गर्ने गरी साधन, स्रोत र अवसरको न्यायोचित वितरण गर्ने, दिगो विकासका लागि पूर्वाधार निर्माण गर्ने र आम नगरवासीको अपनत्व र स्वामित्व हुने गरी विकास आयोजनाहरूको कार्यान्वयन गर्ने दिशामा यो नीति तथा कार्यक्रम केन्द्रित गरेको छु र सोही मार्गदर्शनबाट प्रेरित भई बजेट प्रस्तुत गर्नेछु ।

मैले यस आर्थिक वर्षको नीति कार्यक्रम तथा बजेट तयार गर्दा नेपालको संविधान, दिगो विकासका लक्ष्यहरू, चौधौ योजना, नेपाल सरकारले अन्तराष्ट्रिय जगतमा गरेका प्रतिवद्धताहरू, आर्थिक वर्ष २०७४/०७५ को नेपाल सरकारको नीति तथा कार्यक्रम, समतामूलक विकासका लागि नेपाल सरकारले तय गरेका विभिन्न राष्ट्रिय एवं क्षेत्रगत नीति, निर्देशिका, कार्यविधिहरू, सन्धिखर्क नगरबासीहरूबाट प्राप्त भएका अमूल्य सुझावहरूलाई मार्गदर्शकको रूपमा लिनुका साथै विभिन्न राजनीतिक दलहरूले सार्वजनिक गरेका घोषणापत्रहरूबाट प्राप्त सुझावहरूलाई समेत आत्मसात् गरेको छु । यसैगरी वुद्धिजीवि वर्ग, पूर्व जनप्रतिनिधिहरु, उद्योगी व्यवसायीहरू, अर्घाखाँची जिल्लाबाट राष्ट्रिय जीवनका महत्वपूर्ण क्षेत्रहरुमा प्रतिनिधित्व गर्नुहुने महानुभावहरूको सुझाव, सिर्जनशील युवाहरू, संचार जगत तथा नागरिक समाजकोतर्फबाट प्राप्त सुझावहरूलाई नीति तथा कार्यक्रमको आधारको रुपमा लिएको छु ।

**सभासद्ज्यूहरू,**

अव म सन्धिखर्क नगरपालिकाको **संक्षिप्त परिचय** प्रस्तुत गर्न चाहन्छु ।

संविधान सभाद्वारा निर्माण भई जारी भएको नेपालको संबिधानले नेपाललाई एकात्मक तथा केन्द्रिकृत शासन व्यवस्थावाट संघिय लोकतान्त्रिक गणतन्त्रात्मक मुलकमा रुपान्तरण गरेको छ । हाल नेपालमा कायम भएका ७४४ स्थानीय तह मध्ये यस अर्घाखाँची जिल्लामा ३ नगरपालिका र ३ गाँउपालिका गरी ६ वटा स्थानीय तह हरु रहेका छन । यी ६ वटा स्थानीय तह हरूमध्ये सन्धिखर्क नगरपालिका एक सुन्दर र प्राकृतिक छठाले भरिपुर्ण नगरपालिका हो । यस नगरपालिकाको पूर्वमा छत्रदेव र पाणिनी गाँउपालिका, पश्चिममा भूमेकास्थान नगरपालिका, दक्षिणमा सीतगंगा नगरपालिका र उत्तरमा मालारानी गाँउपालिका रहेका छन् । २०६८ सालको जनगणना अनुसार यस नगरपालिकाको कूल जनसंख्या ४० हजार ४ सय २२ रहेको छ । यसको क्षेत्रफल १२७ वर्ग कि.मी.रहेको छ । यस नगरपालिकामा साविक सन्धिखर्क, नरपानी, खाँचीकोट, अर्घा, किमडाँडा, डिभर्ना, वाङ्गला लगायतका ७ वटा गा.वि.स. पुरै र पाली गा.वि.स.को ९ नं. वडा समेत समावेश गरि १२ वटा वडा कायम गरिएका छन् । यस नगरपालिकामा ब्राह्मण, क्षेत्री, ठकुरी,

दशनामी, मगर, नेवार, दलित, मुस्लिम लगायत विभिन्न जात जाति एवं भिन्न भिन्न भाषा, धर्म र संस्कृति भएका मानिसहरुको बसोबास रहँदै आएकोछ ।

**सभासद्ज्युहरू, अब म नगरले अवलम्वन गर्ने नीतिहरु उल्लेख गर्न चाहान्छु ,**

**नीतिहरू :**

१. यस नगरपालिका जिल्लाको सदरमुकाम पनि रहेको हुदा सदरमुकाम सुहाउँदा सडक, भवन, आवास क्षेत्र, औद्योगिक तथा व्यापारिक क्षेत्र, खेल मैदान, पार्क आदिको अध्ययन गरी पूर्वाधार निर्माणकालागि गुरुयोजना तयार गरी कार्यान्वयन गरिनेछ ।

२. सडक निर्माण गर्दा नगरकेन्द्रबाट वडाकेन्द्र सम्म जोड्ने र वडा केन्द्रबाट वस्ती सम्म जोडने गरी प्राथमिकताका दिईने छ ।

३. बढदो शहरीकरणलाई दृष्टिगत गर्दै हाल विकास भैरहेको बजार क्षेत्रलाई समेत लक्षित गरी सबै वडालाई समेटने **शहरी चक्रपथ**को योजना बनाई कार्यान्वयन गरिनेछ ।

४. नगर क्षेत्रमा भू-उपयोग नीति बनाई सोही नीति अनुसार आवास, बजार, उत्पादन, सेवा र कृषि क्षेत्रको विकास गर्दै लगिनेछ ।

५. आधारभूत तथा माध्यामिक शिक्षालाई गुणस्तरीय बनाउन जोड दिइनेछ । शिक्षकको दक्षता वृद्धि, विद्यार्थीको अनुशासन र अभिभावकको सक्रियता बढाउँदै पठन पाठनलाई गुणस्तरीय बनाईनेछ ।

६. शहरी जीवनलाई स्वस्थ्य बनाउन निरोधात्मक जनस्वास्थ्य कार्यक्रम संचालन गरिनेछ । उपचारात्मक सेवाका लागि **एक वडा एक स्वास्थ्य केन्द्रको** अवधारण लागू गरिनेछ ।

७. नगर क्षेत्रमा स्वच्छ खानेपानीको उपलब्धतामा जोड दिईने छ । स्थानीय स्रोतको संरक्षण र भण्डारणद्वारा धारा र बर्षातको पानी संकलनबाट प्रत्येक परिवारमा खानेपानीको सुविधा उपलब्ध गराइनेछ । खाने पानीको मूल तथा श्रोत भएका स्थानमा उत्खनन गर्ने तथा सडक निर्माण गर्ने कार्यलाई निरुत्साहित गरिने छ ।

८. अधिकाँश नगरवासीको आम्दानीको मुख्य श्रोत कृषि भएकोले कृषिको व्यवसायीकरण गर्न जोड दिइने छ । यसका लागि सिँचाईको व्यवस्था, मल विउ र प्रविधिको व्यवस्थाकालागि सम्बन्धित निकायहरूमा आवश्यक पहल गरिनेछ, साथै एक वडा एक कृषि प्राविधिकको नीति लिईने छ ।

९. नगर क्षेत्र भित्र स्थानीय संम्भाब्यताका आधारमा मौरि पालन, कुखुरा पालन, पशु पालन, तरकारी खेतीलाई प्रबर्धन गरिने छ । **एक वाड एक पशु प्राविधिक** कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१०. बाँसको उद्योगको संभावनालाई मध्ये नजर गर्दै यस तर्फ लगानी गर्न निजी क्षेत्रलाई प्रेरित गरिने छ ।

११. यस नगर क्षेत्रलाई आन्तरिक तथा बाह्य पर्यटकहरुको आकर्षक थलोको रुपमा बिकास गरिने छ । आवश्यक पर्यटकीय पूर्वाधारहरुको निर्माण तथा संभाव्यता अध्ययनमा जोड दिइने छ ।

१२. सन्धिखर्क नगरपालिकालाई हरियाली तथा स्वच्छ शहर बनाउन वृक्षारोपण र सरसफाई कार्य लाई उच्च प्राथमिकता दिईने छ ।

१३. भूमिको बनोट विशेषता र उपायोगिताका आधारमा भू-उपयोग गर्ने नीति लिइने छ साथै कृषियोग्य जमिनमा बस्ति बिकास गर्ने कार्यलाई निरुत्साहित गरीने छ ।

१४. नेपाल सरकारले २०७२ सालको बिनासकारी भुकम्प पश्चात जारी गरेको **बस्ति बिकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धि आधारभूत निर्माण मापदण्ड, २०७२** बमोजिम स्थानीय मापदण्ड तयार गरी लागु गरिने छ । नयाँ भवन तथा संरचना निर्माण गर्दा तथा पुराना एवम् साबिकका भवन तथा संरचना हरुको नक्शा अभिलेखिकरण गर्दा सोही मापदण्ड बमोजिम गर्ने नीति अख्तियार गरिनेछ ।

१५. भौतिक पूर्वाधार विकास तर्फका प्रत्येक विकास आयोजनामा विपद जोखिम न्यूनीकरणको पक्षलाई ध्यान दिई वातावरण मैत्री र अन्य मानवीय विकासका कार्यक्रमहरुमा लैगिंक समानता तथा समाजिक समावेसीकरणको पक्षलाई ध्यान दिई बालमैत्री, अपांगमैत्री बनाउने कुराको सुनिश्चितता गर्दै लगिने छ ।

१६. वर्गीय, जातीय, क्षेत्रीय भाषिक, धार्मिक र लैगिंक आधारमा हुने विभेद, असमानता र बन्चितिकरणलाई न्यूनीकरण गर्दै लगिनेछ ।

१७. सबै नागरिकले सुरक्षाको अनुभूती गर्ने, मानव अधिकारको उपभोग गर्ने, कानूनको पालना गर्ने संविधानमा उल्लेखित नागरिक कर्तव्य पूरा गर्ने गरी न्याय कानून र मानव अधिकारको प्रवर्द्धन गरिनेछ ।

१८. तथ्यांकमा आधारित योजना प्रक्रियाले बास्तविक आयोजनाहरुको छनौट हुन सक्ने भएकोले तथ्याकंमा आधारित योजना तर्जुमा, अनुगमन र मूल्यांकन प्रणाली अवलम्वन गरिनेछ ।

१९. सूचनाको सहज पहुँच स्थापना गर्नको लागि एकिकृत र खण्डिकृत सूचना तथा तथ्याँक संकलन गरी, प्रशोधन, प्रकाशन एवं अद्यावधिक गरिनेछ ।

२०. **स्थानीय गौरवका आयोजना** अन्तरगत नगरपालिकाका सबै वडाहरुमा **एक वार्ड एक पूर्वाधार आयोजनाको** नीति अवलम्बन गरिने छ ।

२१. उल्लेखित नीति, कार्यान्वयन गर्नका लागि पर्याप्त राजस्व, दुरुस्त संगठन र आदर्श नेतृत्व पंक्ति आवश्यक भएकोले यसको लागि उचित एवं प्रभावकारी कदम चालिनेछ ।

## कार्यक्रमहरू

### १. संस्थागत पूर्वाधार तर्फ

- सन्धिखर्क नगरकार्यपालिकाको कार्यालय भवन तथा वडा कार्यालयहरुको भवन निर्माण गर्ने कार्यलाई प्राथमिकता दिई सेवा प्रवाहका लागि न्युनतम पूर्वाधार निर्माण गरिने छ ।
- बिकासका कार्यहरुलाई योजनाबद्ध रुपमा अगाडि लैजान आवधिक नगर बिकास योजना, नगर यातायात गुरुयोजना र नगर पार्श्वचित्र तयार गरिने छ ।
- समृद्ध नगर निर्माणका लागि स्थानीय स्तरमा उपलब्ध विषयगत विज्ञहरू रहेको विभिन्न **विषयगत समितिहरू गठन** गरि विज्ञताको उपयोग गरिनेछ ।
- समृद्ध सन्धिखर्कको समग्र विकासका लागि समाजिक, आर्थिक, भौतिक र सांस्कृतिक पूर्वाधारलाई समेटि बिकास गुरुयोजना (Development Master Plan) निर्माण गरी कार्यान्वयन गरिनेछ ।
- सन्धिखर्कको मानव विकास सूचकांकलाई अग्रपंक्तिमा ल्याउनको लागि क्षेत्रगत रुपमा शीर्षक छुट्याई लगानी प्रस्ताव गरिने छ ।
- सन्धिखर्क नगरपालिकाको समग्र काम कारबहि तथा प्रतिबेदन प्रणलीलाई ब्यबस्थित बनाउन नगर कार्यपालिका कार्यालयसंग सर्म्पुण वडा कार्यालयहरुलाई सूचना प्रविधि संजालमा आवद्ध गरिने छ ।

### २. <u>सडक तथा यातायात व्यवस्था तर्फ</u>

- सन्धिखर्क नगरपालिकाका मुख्य सहरी क्षेत्रमा सडक कालोपत्रे, नाली तथा ढल निकास, फुटपाथ र ग्रिनवेल्ट निर्माण गर्दै लगिनेछ ।
- नगर भित्रका अन्य सडकहरूलाई पनि क्रमशः ढल निकास सहित स्तरोन्नती गर्ने कार्यलाई अभियानको रुपमा अघि बढाईने छ भने सडक नपुगेका स्थानहरुमा मात्र नयाँ ट्र्याक खोलिने छ ।
- नगरपालिका भित्रका शहरी तथा ग्रामीण सडकहरु लगायत अन्य आयोजनाहरुको र्ममत संभारको लागि र्ममत संभार कोषको स्थापना गरिने छ ।
- सन्धिखर्क नगरपालिकावाट वडा कार्यालय सम्म जाने सडकहरुको क्रमागत रुपमा स्तरोन्नती गर्दै लगिनेछ । साथै अन्य रणनैतिक महत्वका सडकलाई पनि प्रथमिकताका साथ स्तरोन्नती तथा कालोपत्रे गरिनेछ ।
- सन्धिखर्क नगरपालिकाको शहरी चक्रपथ निर्माणका लागि यस आर्थिक वर्षमा सिमाकंन तथा सर्भे कार्य सुरु गरी विस्तृत परियोजना प्रतिवेदन र कार्यान्वयनको ढाँचा तयार गर्न र स्रोतको व्यवस्थापनका लागि केन्द्र सरकारसँग समपूरक अनुदानको लागि पहल गरिनेछ ।

- माटे देखि फुदवांग सम्मको करीडोर र्निमाणको लागि बिस्तृत सर्भेक्षणको कार्य अगाडी बढाइने छ ।
- निर्माणाधिन सालझण्डी–ढोरपाटन सडक अन्तरगत सन्धिखर्क नगरपालिकाको बजार भित्रको खण्डमा  ट्रयाक खोल्नको लागि सरोकारवाला सबै निकायसंग आवस्यक समन्वय गरी उचित पहल गरिने छ ।
- सन्धिखर्क बजार भित्र रहेको बसपार्कलाई व्यवस्थित गरिने छ भने सवारीको चापलाई ध्यानमा राखि बसपार्कको लागि उपयुक्त नयाँ स्थानको खोजि गरिने छ ।
- बजार क्षेत्र भित्रको सवारी चापलाई ध्यानमा राखि सवारी व्यवस्थापन गर्न आवस्यक स्थानमा ट्राफिक पोष्टको व्यवस्था गरिने छ भने आवश्यकता अनुसार बस बिसौनी, प्रतिक्षालय, सवारी पार्किङ, जेब्राक्रसिङ र पैदलमार्गको उपयुक्त ढंगले व्यवस्थापन गरिनेछ ।
- नगर क्षेत्रका पुलपुलेसा तथा कल्भर्टहरूको मर्मत सम्भार तथा निर्माण कार्यलाई प्रथामिकतामा राखिनेछ ।

## ३. खानेपानी र सिंचाई तर्फ

- सम्पूर्ण नगरवासीका घरमा शुद्ध  खानेपानी पुर्‍याउने गरी कार्यक्रम तर्जुमा गरिने छ ।
- जलस्रोतलाई बहुउद्धेश्यीय प्रयोजनको रुपमा उपयोग गर्दै सिचाई सुबिधाको उपलब्धता र बिस्तार, बाढी नियन्त्रण र स्वच्छ खानेपानी आपूर्तिको माध्यमको रुपमा विकास गरिनेछ ।
- पानीको स्रोत संरक्षण तथा सिंचाईलाई मध्यनजर गरी **एक वडा एक पोखरी** को अवधारणालाई अगाडि बढाईन छ ।
- नगरपालिका भित्रको विद्यमान खानेपानीको समस्या समधान गर्न वृहत खानेपानी गुरु योजना बनाई लागु गरिने छ ।
- खानेपानीका सम्भाव्य श्रोतहरुको पहिचान गरिने छ ।

## ४. सरसफाई, फोहोर मैला तथा बजार व्यवस्थापन तर्फः

- हरेक टोलबाट फोहर संकलन गर्नुपर्ने घरहरूको लगत लिई सोही अनुरुप फोहोर व्यवस्थापन गरिनेछ ।
- फुदवाङ्गमा रहेको डम्पिङ्ग साईटको पुनःनिर्माण गरिने छ ।

- समुदायको रेखदेख र संरक्षणमा रहने गरी शहरका मुख्य मुख्य स्थानमा फोहोर संकलनको लागि कन्टेनरको व्यवस्था गरिनेछ ।
- गल्ने फोहोर र नगल्ने फोहोर अलग गरेर मात्र फोहोर व्यवस्थापन गर्ने कार्यलाई अभियाानकै रुपमा संचालन गरिने छ । शहरी क्षेत्रमा **कौसी फूलबारी र कौशी खेती** कार्यक्रम संचालन गर्न प्रोत्साहन गरिनेछ ।
- शहरी शौन्दर्य प्रवर्धन गर्न **एक पसल एक गमला, एक घर एक गमला तथा एक घर एक विरुवा**को नीतिलाई अभियानका रुपमा लागू गरिनेछ ।
- स्वच्छ र स्वस्थ मासुका लागि पशु वधशाला निर्माण कार्य लाई प्राथमिकता दिईने छ । तरकारी बजार र हाट बजार संचालन लाई व्यवस्थित गरिनेछ ।
- सन्धिखर्क र चुत्रावेसीको बीचमा रहेको बाँगी खोलालाई टोल विकास संस्थाहरु र अन्य संघ संस्थाहरुको सहयोगमा **बागी खोला सरसफाई अभियानलाई** प्रत्येक महिनाको पहिलो शनिबार संचालन गरिने छ ।
- फोहर व्यवस्थापन ऐन २०६८ को प्रभावकारी कार्यान्वयन गरिनेछ र राम्रो गर्ने व्यक्ति, संघ, संस्था र टोललाई सरसफाई सूचकका आधारमा पुरष्कृत गरिनेछ ।
- पूर्ण सरसफाईको अभियानलाई प्रभावकारी बनाउनको लाीग आवश्यक क्रियाकलापहरू संचालन गरिनेछ ।
- नगरपालिकाले नियमित रुपमा गर्दै आएको दैनिक नगर सरसफाईलाई थप व्यवस्थित गरिने छ । आवश्यकताको आधारमा सरसफाईको लागि थप साधन तथा उपकरण व्यवस्था गरिने छ ।
- नगर क्षेत्र भित्र प्लाष्टिक झोलाको प्रयोगलाई न्यूनिकरण गरी वैकल्पिक झोलाको उत्पादन तथा प्रयोगलाई प्रोत्साहित गरिने छ ।
- छाडा पशु चौपाया व्यवस्थापनका लागि समुदायलाई जिम्मेवार बनाईनेछ । सार्वजनिक जीवनमा असर पार्ने छाडा पशु तथा चौपायहरूलाई नियन्त्रण एवं नियमन गरिनेछ । छाडा चौपाया नियन्त्रणका लागि आवश्यक नियम बनाउदै चौपाय छाडा छाडनेहरूलाई कारवाही गरिने छ साथै छाडा कुकुरलाई पनि नियन्त्रण गरिने छ ।
- बजार क्षेत्र भित्र स्वीकृत बिना सार्वजनिक स्थलमा ब्यापार व्यवसाय गर्ने कार्यमा रोक लगाईने छ ।
- सडक पेटी र सडकको क्षेत्र भित्र सामान राखी ब्यापार व्यवसाय गर्न रोक लगाईने छ ।

- सार्वजनिक स्थलमा गरिने कार्यक्रमबाट उत्सर्जन हुने फोहोर मैलालाई व्यवस्थित गरी तोकिएको स्थानमा भण्डारण गर्न आयोजकलाई जिम्मेवार बनाईने छ तोकिएको स्थानमा भण्डारण वा व्यवस्थापन नगरेमा प्रचलित कानुन बमोजिम सम्बन्धित आयोजकलाई जरिवाना गरिने छ ।

## ५. सार्वजनिक सेवा प्रवाह र सुशासनतर्फ

- नगरपालिका अन्तर्गतका १२ वटै वडा कार्यालयहरूलाई चुस्त र दुरुस्त रुपमा सञ्चालन गरिनेछ । जनताले भेट्ने पहिलो सरकारलाई जनताको पक्षमा क्रियाशील हुन साधन स्रोतले सम्पन्न गराइनेछ । सबै प्रकारका राजश्व तिर्ने इकाईको रुपमा प्रविधिले सुसज्जित बनाइनेछ । एकीकृत सेवा केन्द्रको रुपमा आधारभूत सेवाहरू जस्तैः कृषि तथा पशु सेवाका कार्यालयहरू, बैक तथा वित्तीय संस्था, स्वास्थ्य चौकी स्थापना गरी सोही ठाउँबाट सेवा उपलब्ध हुने व्यवस्था मिलाईने छ ।
- वडाको केन्द्र रहेका वस्तीहरुलाई क्रमशः शहरीकरण हुने परिवेश तयार गरी जराधार (Grass Root) तहको आर्थिक विकास केन्द्रको रुपमा विकास गर्दै लगिनेछ ।
- स्थानीय सेवाप्रवाहको गुणस्तर र सुशासनमा उच्च जोड दिदै वित्तीय अनुशासन तथा परियोजना अनुशासनमा रहेर वडा तहदेखि नै हरेक काम कारवाही अगाडि बढाइनेछ ।
- स्थानीय सरकारबाट प्रदान गरिने सेवालाई जनउत्तरदायी बनाउन नगरपालिका अन्तर्गतका कार्यालय, विषयगत शाखाहरू र प्रत्येक वडा कार्यालयहरूमा पारदर्शी कार्यप्रणाली, हेल्पडेस्क, नागरिक वडापत्र, अनुगमन संयन्त्र, सार्वजनिक सुनुवाई र गुनासो पेटिकाको व्यवस्था गरिने छ । नगरपालिकाको वेवसाईट तथा सामाजिक संजाल मार्फत कार्यालयका सबै गतिविधिहरूलाई अद्यावधिक गरी सार्वजनिक गर्ने कार्यलाई थप प्रभावकारी बनाईने छ ।
- सुशासनका लागि आर्थिक पारदर्शिता भन्ने नीति कार्यान्वयन गर्न प्रमुख तथा उपप्रमुख लगायत सम्पूर्ण निर्वाचित सदस्यहरुको सम्पत्ती विवरण सार्वजनिक गरिने छ ।
- **'करले होइन रहरले सेवा गरौ'** भन्ने भावनाको विकास गर्न र सेवाग्राहीलाई सेवा प्राप्तिमा सहजताको अनुभूति गराउन मुस्कानसहितको नागरिक सेवा प्रदान गरी नगरपालिकाप्रति सकारात्मक मनोविज्ञानको विकास गराइने छ ।
- सेवाग्राहीको काममा बाधा पर्ने गरि आफ्नो कार्यकक्ष नछोड्ने र अत्यन्त जरुरी परेमा वैकल्पिक व्यवस्था गरेर मात्र कर्मचारीले कार्यालय छोड्ने व्यवस्था गरिनेछ ।

- स्थानीय सेवाप्रवाहको गुणस्तर र सुशासनमा उच्च जोड दिदै वित्तीय अनुशासन तथा परियोजना अनुशासनमा रहेर स्थानीय तहको काम कारबाही अगाडि बढाइनेछ ।
- नगर प्रशासनलाई स्वच्छ, सक्षम, निस्पक्ष, पेशागत अनुशासनप्रति प्रतिवद्ध, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउन आवश्यक रणनीतिहरूको अवलम्बन गरिनेछ ।
- भ्रष्टाचार विरुद्ध जनचेतना अभिवृद्धि गरिने छ । भ्रष्टाचारीलाई सामाजिक बहिष्कार गर्ने कार्यक्रम ल्याई भ्रष्ट्राचारजन्य क्रियाकलाप प्रति शून्य सहनशीलताको रणनीति अवलम्वन गरिनेछ । नागरीकले सूचना पाउने अधिकारलाई सुनिश्चित गरिने छ ।
- आय, व्यय र भौतिक प्रगति विवरणहरूलाई मासिक, चौमासिक र वार्षिक रुपमा स्थानीय तहको कार्यालयमा सबैले देख्ने गरी अनिवार्य रुपमा सार्वजनिक गराउने व्यवस्था गरिनेछ ।
- नगरपालिकाका पदाधिकारी र कर्मचारीको लागि आचार संहिता तयार गरी लागू गरिनेछ । कर्मचारीहरूको कार्यसम्पादनको आधारमा **'पुरस्कार' र 'दण्ड'** को व्यवस्था गरिनेछ ।
- जनप्रतिनिधि एव कर्मचारीहरूको पेशागत क्षमता र दक्षता वढाउनको लागि क्षमता अभिवृद्धिका कार्यक्रमहरू संचालन गरिनेछ ।
- समग्र नगरपालिकाको संगठन संरचना र दरवन्दी संख्या निर्धारण सम्बन्धी अध्ययन गरिनेछ ।
- सेवा प्रवाहलाई सरलीकरण गर्नको लागि सूचना प्रविधिमा आधारित ई गर्भनेन्सको अभ्यास गरिनेछ । चालु आर्थिक वर्षमा पेपरलेस सेवाको अवधारणालाई कार्यान्वयममा ल्याइनेछ ।
- नगरपालिकाको व्यक्तिगत घटना र स्थानीय तथ्याङ्क सम्बन्धी कानून, नीति, मापदण्ड, योजना तर्जुमा गरी कार्यान्वयन र नियमन गरिनेछ ।
- संघीय कानून र मापदण्ड बमोजिम नगरपालिकामा व्यक्तिगत घटना (जन्म, मृत्यु, विबाह, बसाइ सराइ र सम्बन्ध विच्छेद) दर्तालाई व्यवस्थापन सूचना प्रणालीमा आवद्ध गरी व्यक्तिगत घटना दर्ताको अभिलेख व्यवस्थापन गरिनेछ ।
- नेपाली नागरिकताको प्रमाणपत्रका लागि सिफारिस लगायतका महत्वपूर्ण अभिलेखको डिजिटल प्रविधिमा आधारित अभिलेख प्रणाली अवलम्वन गरिनेछ ।
- हाल अपनाई आएको नक्सा पास प्रक्रियालाई सरलीकरण गर्दै चालु आर्थिक वर्षमा आवश्यक पूर्वाधारहरूको निर्माण गरी आगामी आर्थिक वर्षहरुदेखि विद्युतीय प्रणालीमा आधारित घर नक्सा पास गर्ने पद्धती लागू गरिनेछ । घर नक्सा डिजाईन गर्ने सेवा प्रदायक संस्था, कन्सल्टेन्सीहरूलाई

नगरपालिकामा अनिवार्य रुपमा सूचिकृत हुनको लागि आव्हान गरिनेछ । सूचिकृत कन्सल्टेन्सीहरूबाट किफायती शुल्कमा घर नक्साङ्कन गर्ने कार्यलाई कार्यान्वयमा ल्याईनेछ ।

- राजस्व सम्भाव्यता अध्ययन गरी आन्तरिक स्रोत परिचालनलाई विस्तृतीकरण गरिने छ
- राजस्व प्रशासनलाई आधुनिकरण गरी प्रविधिमा आधारित बनाईने छ । घर बहाल करलाई बैज्ञानिक र व्यवस्थित तरिकाले संकलन गरिने छ ।
- करदाता शिक्षालाई अभियानकै रुपमा संचालन गरी करले होइन रहरले कर तिर्ने वातावरण सिर्जना गरिनेछ ।

## ६. सामाजिक विकास तर्फ

### (क) शिक्षा

- सामुदायिक विद्यालयहरुमा अंग्रेजी भाषाको माध्यमबाट पठन पाठन गर्न उत्प्रेरित गरिने छ ।
- उद्यमशीलताको बोध गराउन शैक्षिक कार्यक्रमलाई खोजमूलक र नव प्रबर्तनकारी बनाइनेछ ।
- यस नगरपालिका भित्रका विद्यालयहरूमा शिक्षालाई प्रविधीसंग जोड्दै नमुनाका रुपमा ई–शिक्षा, बिद्युतीय पुस्तकालय कार्यकम लागू गरिनेछ ।
- नगरपालिका भित्रका सामुदायिक अध्ययन केन्द्रहरुलाई आधुनिकीकरण तथा स्तर उन्नती गरिने छ ।
- शैक्षिक सुधारकालागि शिक्षक तथा विद्यार्थी विद्यालय समयभित्र रहने वातावरण सृजना गर्नको लागि अनुगमन र निरीक्षण प्रणालीलाई प्राथमिकतामा राखिनेछ ।
- विद्यार्थीलाई आधुनिक तथा प्राविधीक शिक्षा दिई विकासलाई विज्ञानसँग जोड्ने कार्यक्रम लागू गरिनेछ ।
- सन्धिखर्क नगरपालिका भित्रका गरिब, विपन्न वर्गका बालबालिकाहरुलाई अध्ययन गराउने शैक्षिक संस्थाहरुलाई प्रोत्साहन गरिने छ ।
- नगरपालिका भित्रका सामुदायिक स्कूलमा अध्यनरत कक्षा ११ र १२ का जेहन्दार महिला/ दलित/ जनजाती विद्यार्थीहरूलाई विशेष सुविधाको व्यवस्था गरी सामुदायिक स्कूल प्रतिको आकर्षण वढाईनेछ ।
- प्रारम्भिक बालविकास केन्द्रहरुको स्थापना, विकास र सुदृढीकरण गरिनेछ ।
- संस्थागत रुपमा सञ्चालित शैक्षिक संस्थाहरूलाई व्यबस्थित र नियमन गरिनेछ ।

- बिभिन्न खाले परामर्श केन्द्र, नीजि स्तरमा सञ्चालित ट्युसन तथा कोचिङ्ग सेन्टर, भाषा तालिम तथा प्रशिक्षण केन्द्रहरूलाई आवश्यक नियमन र अनुगमन गरिने छ ।
- विद्यालय बाहिर रहेका बालबालिकाहरुको पहिचान गरि भर्ना अभियान संचालन गरिने छ ।

## (ख) युवा तथा खेलकुद विकास तर्फ

- नगरस्तरीय खेलकुदका क्रियाकलापहरुलाई प्रोत्साहन गरिने छ ।
- सन्धिखर्क नगरपालिकाको मुटुमा रहेको टुडिखेललाई व्यवस्थित गरिने छ । सो को लागि गुरुयोजना बनाई कार्यक्रम अगाडि बढाईने छ ।
- यस नगरपालिका भित्रका युवा जनशक्तिहरु विदेश पलायन हुने प्रवृत्ति बढेकोले युवा शक्तिको पलायनलाई रोक्न बेरोजगार युवाहरुलाई स्वरोजगार मूलक कार्यक्रमहरु बनाई कार्यान्वयन गरिने छ ।
- खेलकुद कार्यक्रमलाई मध्यनगर गर्दै यस नगरपालिका भित्रका प्रत्येक वडाहरुमा **१ वडा १ खेलमैदान** बनाउने नीतिलाई क्रमशः कार्यान्वयन गर्दै लगिने छ ।
- नगरपालिका भित्र हुने विकृत्ति तथा विसंगती रोक्न सम्बन्धित निकायसँग समन्वय गरी जनचेतना मूलक कार्यक्रमहरु अगाडि बढाईने छ ।
- लागूऔषध दुर्व्यसन सम्बन्धी परामर्श तथा उपचार केन्द्रसँगको सहकार्यमा लागू औषध तथा दुर्व्यसन न्यूनीकरण कार्यक्रमलाई प्राथमिकताका साथ संचालन गरिनेछ ।
- जिल्ला युवा समितिसँग सहकार्य गरी युवाको समग्र विकासमा जोड दिईनेछ ।

## (ग) आधारभूत स्वास्थ्य तथा सरसफाई

- सन्धिखर्कमा रहेको जिल्ला अस्पताललाई ५० शैयाको अस्पतालको रुपमा स्तरोन्नती गर्न पहल गरिने छ ।
- सवै नागरिकलाई गुणस्तरीय स्वास्थ्य सुविधा उपलब्ध गराईनेछ । स्वास्थ्य बीमाका माध्यमबाट आधारभूत स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चित गरिनेछ ।
- स्वास्थ्य नै धन हो भन्ने जानकारी सम्पूर्ण जनस्तरमा प्रदान गरिनेछ । खाद्य पदार्थहरूको सचेतनालाई तल्लोतह सम्म फैलाइनेछ ।
- सन्धिखर्क नगरपालिका भित्र कार्यरत महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई प्रोत्साहित गरिने छ ।
- स्वास्थ्य सेवा नपुगेका वडाहरूमा कम्तिमा एक वटा नगर स्वास्थ्य केन्द्र संचालन गरिने छ

- स्वस्थ रही खुशिसाथ बाँच्नको लागि योग तथा ध्यान केन्द्रहरूको स्थापना गर्न प्रोत्साहित गरिनेछ ।
- धुम्रपान मुक्त परिवारको अभियान संचालन गरी सार्वजनिक स्थलहरूमा धुम्रपान निषेध गर्ने अभियानलाई कडाईका साथ लागू गरिनेछ ।
- निजीस्तरमा सञ्चालित स्वास्थ्य संस्थाहरूलाई व्यवस्थित र नियमन गरिने छ ।
- असहाय, अशक्त र आर्थिकरुपले विपन्न बर्गलाई मुटु, मृगौला प्रत्यारोपण, क्यान्सर, कलेजोको रोगको उपचारमा निश्चित आर्थिक सहायता प्रदान गरिने छ साथै सरकारी अस्पतालमा निःशुल्क उपचारको व्यवस्था मिलाईनेछ ।

### (घ) लैगिक समानता तथा सामाजिक समावेशीकरण

- महिला, बालबालिका, आदिवासी, जनजाती, दलीत, मुस्लिम, अपांग, जेष्ठनागरिक, युवा तथा अन्य लक्षित वर्गहरुलाई लक्षित कार्यक्रम मार्फत सशक्तिकरण गरिने छ ।
- सामाजिक सुरक्षा भत्ता बैकिङ्ग प्रणाली मार्फत प्रभावकारी रुपमा वितरण गर्ने व्यवस्था मिलाईने छ ।
- हरेक वर्ष **विश्व जेष्ठ नागरिक दिवस** (अक्टुवर १) को अवसरमा नगरपालिका क्षेत्र भित्रका सबै भन्दा जेष्ठ (महिला र पुरुष) नागरिकलाइ सम्मान गरिनेछ ।
- हरेक वडामा **"ज्येष्ठ नागरिक भेटघाट कार्यक्रम"** को माध्यमबाट ज्येष्ठ नागरिकका अनुभवलाई नगर विकासमा उपयोग गरिनेछ ।
- समुदायमा लैगिंक हिंसा मुक्त, छुवाछुत मुक्त, जातीय भेदभाव मुक्त, जुवातास मुक्त, लागूऔषध लगायत दूर्व्यसन मुक्त, अन्धविश्वास तथा कूप्रथा मुक्त बनाउन समुदायलाई नै अग्रसर बनाइने छ ।
- बालमैत्री स्थानीय शासन पद्धति अबलम्बन गरी बालमैत्री नगरपालिकाको रुपमा घोषणा गर्न सबै विकास साझेदार र सरोकारवालाहरूसँग समन्वय र सहकार्य गरिने छ ।
- सबै बालबालिकालाई पूर्ण खोप पुर्‍याउने गरी कार्यक्रम संचालन गरिनेछ, पूर्ण खोप सुनिश्चितताको अवस्थालाई निरन्तर कायम राखिने छ ।
- भौतिक संरचना निर्माण गर्दा बालमैत्री र अपांगमैत्री पक्षलाई विशेष ख्याल गरिने छ ।

## ७. पर्यटन तथा संस्कृति प्रवर्द्धन

- लदाम बगैचा, शान्ति बगैचा र मथुरा गोपेश्वर पीठको व्यबस्थापन गरी आकर्षक पर्यटकीय गन्तव्य स्थलको रुपमा विकासित गरिने छ ।
- ऐतिहासिक महत्वको शान्ति वाटिकाको संरक्षण तथा प्रवर्द्धन गरिने छ ।

- सम्भाव्यताका आधारमा सन्धिखर्क चुत्रावेसी बजारलाई मध्यनजर गरी शंखेटारी आसपासमा प्राविधिक सिटि टाबर निर्माण गरिने छ भने जालकाडामा भ्यू टाबरको सम्भाव्यता अध्ययन गरिने छ ।
- आन्तरिक तथा बाह्य पर्यटक आकर्षित गर्ने उद्देश्यका साथ अर्घा भगवती मन्दिर जाने पदमार्ग अर्लिवाङ्ग एरिया देखि भगवती मन्दिर सम्म जाने बाटोमा सिढी सहितको पैदल मार्गको निर्माण गरिने छ ।
- विगतको जिल्ला परिषदबाट निर्णय भएको सुपादेउराली मन्दिरको व्यवस्थापन संचालनलाई सन्धिखर्क नगरपालिकाको मातहतमा ल्याउने तर्फ पहल गरिने छ । सुपादेउराली मन्दिर निर सन्धिखर्क नगरपालिका प्रवेश गर्ने मूल प्रवेशद्धार निर्माण गर्ने व्यवस्था गरिने छ ।
- रुब्दी देखि अर्घा भगवती मन्दिर सम्म जाने केबुलकार निर्माणको लागि सम्भाव्यता अध्ययन गरिने छ ।
- नगरपालिका क्षेत्रभित्र रहेका ऐतिहासिक तथा साँस्कृतिक महत्व बोकेका गोपेश्वर पीठ मथुराधाम, सिद्धेश्वर शिवालय मन्दिर, अर्घा भगवती मन्दिर, खाँची दरबार, डिभर्ना गुफा तथा मस्जिद लगायत अन्य ऐतिहासिक, धार्मिक तथा साँस्कृतिक सम्पदाहरुको संरक्षण र प्रबर्द्धन गरिने छ ।
- निर्माणको प्रक्रियामा रहेको अर्घा विमानस्थलको निर्माण कार्य सिघ्ररुपमा अगाडि बढाउन सम्बन्धित निकायमा पहल गरिने छ ।

## ८. आर्थिक विकास

### (क) कृषि र पशु विकास

- विषय क्षेत्रगत रुपमा हस्तान्तरण भई आएका कृषि तथा पशु विकास कार्यक्रमलाई निरन्तरता दिईने छ ।
- कृषि तथा पशुपालनलाई आधुनिककरण र ब्यवसायीक बनाउदै नगरपालिकालाई तरकारी, मासु, दुध र अण्डा उत्पादनमा आत्मनिर्भर बनाईने छ ।
- कृषि उपज संकलन तथा भण्डारणका लागि निजी क्षेत्रसँग सहकार्य गरी संकलन केन्द्र तथा शित भण्डार केन्द्र निर्माण गरिनेछ ।
- वास्तविक कृषकको हातमा अनुदान कार्यक्रम पुर्याउनको लागि स्थानीय तहमा नै बलियो अनुगमन संयन्त्र बनाइनेछ ।

- बाँदर आतकंबाट किसानहरुको अन्नबाली जोगाउनको लागि चालु आ.व. का लागि मात्र प्रत्येक वडामा बादर हेरालुको व्यवस्था गरिने छ ।

## (ख) उद्योग तथा रोजगारी

- ईटा उद्योग, क्रसर/हाते रोडा उद्योगलाई वातावरणमैत्री बनाईनेछ ।
- जडिबुटि प्रसोधन उद्योग, डेरी उद्योग, बाँस जन्य र अन्य घरेलु उद्योगलाई प्रोत्साहन गरिनेछ ।
- परम्परागत सीप र उद्योगहरुलाई संरक्षण गरिने छ ।
- **व्यवसाय दर्ता गर्ने कार्यालाई अभियानको रुपमा** सञ्चालन गरिने छ । यसका लागि आवश्कता अनुसार उद्योग वाणिज्य संघसँग सहकार्य गरिने छ ।
- सरकारी, निजी तथा सहकारीको माध्यमद्वारा स्रोत परिचालन गरी गरिवी न्यूनीकरणका लागि रोजगार सृजना गरिनेछ ।
- स्थानीय श्रम, सीप र पूँजीलाई अधिकतम परिचालन गरी स्थानीय अर्थतन्त्रको प्रमुख स्तम्भको रुपमा स्थापित गरिनेछ ।

## (ग) वित्तीय तथा सहकारी क्षेत्र

- सहकारीलाई आर्थिक विकासको निम्ति स्थानीय श्रम, सीप र स्रोत परिचालन गराउने माध्यमको रुपमा प्रयोग गरिनेछ ।
- सहकारीको संख्यात्मक भन्दा गुणात्मक विकासमा जोड दिईनेछ ।
- सहकारी मार्फत नगरबासीहरूमा वित्तिय साक्षरता प्रदान गरिने छ ।
- कृषि सहकारीलाई उत्पादन/प्रशोधन/बजारिकरण गर्नलाई प्रोत्साहित गरिने छ ।
- सहकारीलाई विपन्न, महिला तथा तल्लो तह र तप्काका जनताको जीवनस्तर उकास्न सामूहिक प्रयास गर्ने माध्यम बनाइनेछ ।
- परम्परागत घरेलु र लघु उद्यमहरूको विकासगर्न सहकारीलाई प्रयोग गरिनेछ ।
- जनसाधारणलाई उद्यमशीलता तर्फ ध्यानाकर्षण गराउने माध्यमको रुपमा सहकारीहरूलाई टोल टोलमा बिस्तार गरिनेछ ।

## ९. वन, वातावरण तथा विपद व्यवस्थापन

- नगर क्षेत्र भित्रका जलाधार संरक्षण, जैविक विविधता संरक्षण, वृक्षारोपण, रैथाने जीवजन्तु, रैथाने खाद्यबाली र वनस्पतिको संरक्षणका लागि आवश्यक कार्यक्रम तयार गरी कार्यान्वयन गरिने छ।
- कृषि, बन र वातावरण वीचको अन्तरसम्बन्धलाई जनस्तरमा लैजान सचेतनाका कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- वन संरक्षण तथा वनको दीगो व्यवस्थापन र उपयोग गरी वनजन्य उद्योगको प्रवर्धन गर्ने, जडिवुटी खेतीको विस्तार गर्ने, तथा भू-संरक्षण र जलाधार व्यवस्थापन गरिनेछ।
- समुदायको सक्रियतामा **एक वडा एक उद्यान** निर्माणको कार्यलाई अभियानको रुपमा संचालन गरिनेछ।
- शहरी सडकको दायाँ बाँया बृक्षारोपण गरी हरियाली प्रवर्द्धन गर्ने कार्यमा टोलसुधार समितिहरुलाई प्रोत्साहित गरिने छ।
- नगरप्रमुखको अध्यक्षतामा सरोकारवाला सवैको योगदान रहने गरी **"नगरप्रमुख विपद् व्यवस्थापन कोष"** स्थापना गर्ने र संचालनका लागि कार्यविधि निर्माण गरिनेछ।

## १०. भूमि व्यवस्थापन तथा भवन नियमन :

- नगर भित्रका ऐलानी, पर्ति तथा सार्वजनिक जग्गाहरूको खोजी गरी संरक्षण गरिनेछ, सार्वजनिक जग्गाहरुको अतिक्रमणलाई पूर्णरुपमा निषेध गरिने छ।
- २०५१ सालको सुकुम्बासी आयोगले दिएको लालपुर्जालाई अहिलेको नापीमा समावेशगरी नाँप जाँच गरी पूर्जा वितरण गर्ने व्यवस्था मिलाउन सम्बन्धित निकायमा पहल गनरिने छ।
- प्रयोजनको आधारमा भूमिको वर्गिकरण गर्नको लागि भूमि सम्बन्धी यथार्थ तथ्याङ्क संकलन गरिने छ। उत्पादन र उत्पादकत्व बढाउन, प्रयोजन अनुसार भूमिको प्रयोग गर्ने गरी स्पष्ट कानूनी व्यवस्था गरी भूमिको वैज्ञानिक व्यवस्थापन गरिनेछ।
- नेपाल सरकारबाट जारी भएको **बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मार्गदर्शन २०७२** बमोजिम कृषि जमिनमा आवासीय प्रयोजनको लागि प्लटिङ गर्ने कार्यलाई नियन्त्रण गर्न निश्चित कार्यविधि बनाई लागू गरिनेछ। जग्गाधनी पुर्जा अद्यावधिक र वितरण कार्यमा सहजीकरण गरिनेछ। कृषक र कृषि उत्पादन हुने क्षेत्रहरूको बर्गीकरण गरिनेछ।

- नगरपालिका भित्र रहेका सबै सार्वजनिक जग्गा संरक्षणका लागि निर्देशिका तयार पारी सरोकारवाला निकायहरूसँग समन्वय गरी सार्वजनिक जग्गाको संरक्षण गरिनेछ ।
- खेतीयोग्य जमिन बाँझो राख्ने कार्यलाई निरुत्साहित गर्दै खाद्यान्न बाली लगाउनका लागि प्रोत्साहन गरिनेछ ।
- सार्वजनिक निकायको स्वामित्वमा रहेका र प्रयोगमा नआएको जग्गालाई सार्वजनिक प्रयोगमा ल्याउने व्यवस्था अवलम्बन गरिनेछ ।
- नगर क्षेत्रमा रहेका खोला किनारका सार्वजनीक जग्गालाई संरक्षण गरिने छ, सो को जिम्मा सम्बन्धित वडाहरूलाई दिइनेछ साथै खोला किनारका क्षेत्रमा ग्रिन बेल्ट निर्माण गरिनेछ ।
- राष्टिय भवन निर्माण संहिता लागू हुनुभन्दा पहिले साविकका गाविसमा निर्माण भएका घरहरूलाई अभिलेखिकरणका लागि समयावधि निर्धारण गरी सो अवधि भित्र सूचीकृत भएकाहरुको नियमानुसार अभिलेखिकरण गरिनेछ ।
- राष्ट्रिय भवन निर्माण संहिता लागू भए पश्चात नक्सापास नगरी निर्माण भएका घरका सम्बन्धमा आवश्यक मापदण्ड निर्माण गरी नियमन गरिनेछ ।

## ११. न्याय कानून तथा मानव अधिकार प्रवर्द्धन तथा मेलमिलाप

- कसैप्रति पनि कुनै पूर्वाग्रह नराखी मानवीय मूल्य, मर्यादा र गरिमाको सम्मान गर्दै अरूको व्यक्तित्व र अस्तित्वको सदैव कदर गरिनेछ ।
- नेपालको संविधानको धारा २२७ बमोजिम गठन हुने न्यायिक समितिलाई नगरसभाबाट पूर्णता दिईनेछ । आफ्नो अधिकार क्षेत्र भित्रका विवाद व्यवस्थापन गर्ने सम्बन्धमा कार्यविधि निर्माण गरी विवाद व्यवस्थापन गर्ने कार्यको सुरुवात गरिनेछ ।
- नगरपालिकाको न्यायिक समिति मार्फत विवादहरूको व्यवस्थापन र मेलमिलाप सम्बन्धी कार्यहरू सञ्चालन गरी स्थानीय न्याय प्रणालीलाई प्रभावकारी बनाईने छ ।
- छिटो, छरितो र सुलभ न्याय प्रणालीको विकास गर्दै असहायलाई निःशुल्क न्याय प्रदान गर्न व्यवस्था मिलाईनेछ ।

## १२. योजना, अनुगमन तथा मूल्यांकन

- योजना निर्माणको चरणदेखि स्रोत परिचालन, कार्यान्वयन र अनुगमन सम्म स्थानीय जनसमुदायको सक्रिय सहभागिता सुनिश्चित गरिनेछ ।

- स्थानीय तहबाट सञ्चालन हुने आयोजनाहरूको छनौट गर्दा क्रमागत आयोजनाहरू सम्पन्न गर्ने गरी र नयाँ आयोजनाको हकमा विस्तृत डिजाइन र लागत अनुमान तयार भइसकेकोलाई बजेट व्यवस्था गर्न उच्च प्राथमिकता दिइनेछ ।
- चालु वर्षको बजेट कार्यान्वयन शीघ्ररुपमा अघि बढाइनेछ र महत्वपूर्ण आयोजनाहरूको कार्यान्वयनलाई तीव्रता दिइनेछ ।
- वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा सहभागितामूलक योजना तर्जुमा प्रकृयाको अवलम्बन गरिनेछ ।
- जवाफदेहीपूर्ण योजना तर्जुमा गरी स्थानीय तहमा सञ्चालित योजना र कार्यक्रमको सार्वजनिक सुनुवाइ गरिनेछ ।

**१३. सूचना प्रविधि, संचार तथा तथ्यांक व्यवस्थापन :**

- नगरपालिकाका गतिविधिहरुको प्रसारण तथा नगरबासीहरुको गुनासाहरू सम्बोधन गर्न **'हेलो नगरपालिका'** रेडियो कार्यक्रम संचालन गरिनेछ ।
- सन्धिखर्कको शान्ति बगैचा, बसपार्क, नरपानीको पिकनिक स्पोट र भक्तिटोलमा फ्रि वाईफाई जोनको रुपमा व्यवस्था मिलाईने छ ।
- नगरपालिकाको वेवसाईटलाई पूर्ण रुपमा अद्यावधिक गरी नगरबासीले गुनासो गर्न सक्ने र नगरका गतिविधीहरूका बारेमा घरमै बसी जानकार हुने ब्यवस्था गरिने छ ।
- आमसञ्चार माध्यमलाई उद्योगको रूपमा फस्टाउने वातावरण प्रदान गरिनेछ ।
- सबै वार्डहरुमा टेलिफोन र इन्टरनेट सुविधा पुर्‍याउनको लागि आवश्यक पहल गरिनेछ ।
- पत्रकारको क्षमता अभिवृद्धिका लागि तालिम संचालन गरिनेछ ।
- पत्रकार महासंघको भौतिक पूर्वाधार निर्माणको लागि आवश्यक सहयोग गरिने छ ।

अन्त्यमा स्थानीय तहको दोश्रो चरणको निर्वाचनमा सन्धिखर्क नगरपालिकाको निर्वाचन शान्तिपूर्ण र धाधलीरहति सम्पन्न गराउनमा भूमिका खेल्नुहुने प्रमुख निर्वाचन अधिकृत, निर्वाचन अधिकृत, प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकायका प्रमुख, राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी, राजनितिकदल, पत्रकार, नागरिक समाज, आम मतदाता सम्पूर्णमा धन्यवाद ज्ञापन गर्दछौं ।

धन्यवाद
कमलप्रसाद भुसाल
नगर प्रमुख
मिति २०७४।०५।३१